CIM

Facts Newsletter

Issue 33, Chaitra 2081

021-515712

cim.biratnagar@gmail.com

Sahid Marg, Biratnagar-02

औद्योगिक प्रशिक्षण (Dual VET Apprenticeship) भनेको के हो ?

औद्योगिक प्रशिक्षण भनेको प्राविधिक शिक्षालयहरु र उद्योग/व्यवसायद्वारा तयार भएको पाठ्यक्रम अनुसार सञ्चालन गरिने प्रशिक्षण हो। औद्योगिक प्रशिक्षार्थीहरुले प्रारम्भिक चरणमा प्राविधिक शिक्षालयहरुमा ३.५ महिना प्रशिक्षण लिन्छन् भने दोस्रो चरणमा उद्योग/व्यवसायमा कम्पनी प्रशिक्षकको निगरानीमा रही दैनिक उत्पादन प्रक्रियामा समेत सहभागिता जनाउदै १९.५ महिना प्रशिक्षण लिन्छन् भने ती प्रशिक्षार्थीहरु प्रत्येक हप्ताको १ दिन चाहि सम्बन्धित शिक्षालयमा प्रशिक्षणको लागि जानु पर्ने हुन्छ। प्रशिक्षणको अन्तिम २४ औं महिनामा पुन: सम्बन्धित शिक्षालयहरुमा एक महिना अन्तिम परीक्षाको लागि जानु पर्दछ। शिक्षालय र उद्योग/व्यवसाय दुवै ठाउँमा सिकाइ हुने भएकोले औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई Dual VET Apprenticeship पनि भनिन्छ।

उद्योग/व्यवसायलाई औद्योगिक प्रशिक्षार्थी लिंदा के फाइदा हुन्छ ?

औद्योगिक प्रशिक्षण कार्यक्रम उद्योग/व्यवसायको आफ्नै कार्यक्रम हो। यो उद्योग व्यवसायहरुमा काम गर्ने आवश्यक मानवस्रोतको अभाव भैरहेको अवस्थामा उद्योगी/व्यवसायीहरुमा काम गर्ने आवश्यक मानवस्रोतको अभाव भैरहेको अवस्थामा उद्योगी/व्यवसायीहरुलाई यसले केही हद सम्म भए पनि त्यो अभावलाइ पुरा गर्न यस प्रकृतिको तालिमले सहयोग गर्दछ। उद्योग/व्यवसायको लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा निम्न फाइदाहरु हुन्छन्।

- निश्चित समय बस्ने: औद्योगिक प्रशिक्षार्थी सम्बन्धित उद्योग/व्यवसायमा १९.५ महिना बस्ने व्यवस्था उद्योग, प्रशिक्षार्थी र सम्बन्धित शिक्षालय बीचमा हुने त्रिपक्षीय सम्झौताले गर्दछ।
- कम ज्यालामा जनशक्ति प्राप्त हुने: औद्योगिक प्रशिक्षार्थीलाइ सम्बन्धित उद्योग/व्यवसायले नेपाल सरकारले तोकेको न्युनतम मासिक ज्यालाको कम्तीमा २५ दिन सकिने प्रावधान रहेको हुनाले लगभग ३ गुणा सस्तो ज्यालामा प्रशिक्षार्थीलाइ उद्योगको सम्बन्धित विषयसंगको उत्पादन दैनिक ८ घण्टा सम्म परिचालन गर्न सकिने हुनाले कम लगानीमा बढी प्रतिफल लिन सकिने।
- सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त प्रशिक्षार्थी: ३.५ महिना शिक्षालयमा सम्बन्धित विषयको केहि मात्रामा भए पनि सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेका प्रशिक्षार्थीहरु हुने। त्यस्तै गरी शिक्षालयले ती प्रशिक्षार्थीहरुलाई उद्योग/व्यवसायमा पालना गर्नु पर्ने नियम र प्रदर्शन गर्नुपर्ने आचरणका विषयमा अभिमुखीकरण (Orientation) गरेर पठाएका हुन्छन्।
- दुर्घटना बिमा: औद्योगिक प्रशिक्षार्थीलाई उद्योग/व्यवसायमा पठाउन अघि सम्बन्धित शिक्षालयले ७ लाख सम्मको दुर्घटना बिमा गरि सकेको हुन्छ।
- कम्पनिले चाहे जस्तो दक्ष मानवस्रोत प्राप्त हुने: २४ महिनाको अवधि पश्चात उद्योग/कम्पनी आफुले चाहे जस्तो जनशक्तिको विकास हुने भएकोले त्यस्ता व्यक्तिहरुलाई भविष्यमा पनि त्यहि उद्योगहरुको लागि उक्त जनशक्ति काम लाग्न सक्ने।

कस्ता उद्योग/व्यवसायहरु यस कार्यक्रममा सहभागी हुन सक्छन ?

- नेपाल सरकारले तोकेको न्युनतम ज्यालाको मासिक कम्तीमा २५ (हाललाई रु. ४५००) दिन तयार हुने उद्योग/व्यवसायहरु।
- प्रशिक्षार्थीलाइ हप्ताको १ दिन बिदा, १ दिन सम्बन्धित शिक्षालयमा पठाउन तयार हुने उद्योग/व्यवसायहरु।

प्रशिक्षार्थी उद्योगमा प्रतिस्थापन (Placement) हुने समय:

२०८१ चैत्र १५ देखी ३० गते भित्र विभिन्न शिक्षालयहरुमा भर्ना भएका प्रशिक्षार्थीहरु सम्बन्धित उद्योग/व्यवसायहरुमा प्रतिस्थापन भइसकेको हुनु पर्दछ। त्यो भन्दा अगाडि प्रशिक्षार्थी राख्न चाहने उद्योग/व्यवसायहरुले आफुलाई आवश्यक विषय र संख्या सम्बन्धित शिक्षालय वा उद्योग संगठन मोरडमा रहेको सीप विकास इकाई (Skill Development Unit) मा सम्पर्क गर्न सकिनेछ।

आर्थिक वर्ष २०८१/०८२ मा भर्ना भएका प्रशिक्षार्थीहरुको विवरण:

क्र. सं.	शिक्षण संस्थाको नाम र ठेगाना	औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम	स्वीकृत कोटा
१	मनमोहन स्मृति पोलिटेक्निक, मोरङ	Mechanical Engineering	२०
		Information Technology	२०
		Automobile Engineering	२०
		Electrical Engineering	२०

थप जानकारीको लागि:
उद्योग संगठन मोरङ, सीप विकास इकाई
सम्पर्क नं: ९८२८०१५९५८,
इमेल: cim.skilldevunit2023@gmail.com

हाम्रो भनाइ

नेपाल सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि गर्न एकसाथ दुई दर्जनभन्दा बढी कानुनमा संशोधन गरेको छ । यसबाट व्यावसायिक वातावरण निर्माणका लागि निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएको विषयलाई सम्बोधन गर्ने प्रयत्न भएको छ । त्यसैले आर्थिक एवम् व्यावसायिक हितको यो महत्वपूर्ण विषयलाई सम्पूर्ण राजनीतिक दलहरूले उच्च महत्वका साथ अघि बढाउनु पर्दछ ।

राजस्व न्यायाधिकरण ऐन, २०३१ मा मुद्दा पुनरावेदन गर्दा नगदै धरौटी राख्नुपर्ने व्यवस्थाका सट्टामा नगद धरौटी वा बैङ्क जमानत राख्न सक्ने व्यवस्था स्वागतयोग्य छ । त्यस्तै कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा २० प्रतिशत भन्दा बढी मुनाफा लिएको अवस्थामा कैद तथा जरिवाना गर्ने व्यवस्था हटाइएको विषय पनि लगानीमैत्री छ । सरकारको यो कदमबाट कतिपय कानुनी उल्झनले व्यावसायिक जगतमा छाएको डर र त्रासको वातावरणमा सुधार आउने निश्चित छ ।

त्यसैगरी कम्पनी ऐन, २०६३ अनुसार अब प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा पुन: स्वीकृति लिन आवश्यक नपर्ने, कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण तथा सूचना २०८२ असार मसान्तसम्म बुझाएमा लाग्ने जरिवानामा ९० प्रतिशत छुट दिने व्यवस्था, कम्पनी बन्द गर्दा हुने झन्झटसम्बन्धी अन्य व्यवस्थामा गरिएको सुधार र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ का केही बुँदामा भएको संशोधनले व्यावसायिक जगतमा सकारात्मक सन्देश प्रवाह गर्नेछ ।

साथै औद्योगिक व्यावसायिक ऐन, २०७६ मा संशोधन गरी उद्योग दर्ता गर्न निवेदन दर्ता गरेको १५ दिनभित्र निर्णय गर्नुपर्ने, ठुला उद्योगलाई नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराउन सक्ने, दर्ता नभई सञ्चालनमा आएका उद्योगलाई बन्द नगरी जरिबाना लिएर दर्ता गर्नसक्ने व्यवस्थाका साथै निजी क्षेत्रलाई बढावा दिने गरी गरिएका अन्य संशोधनहरू पनि सुखद समाचारका विषय हुन् ।

निजी क्षेत्रले लामो समयदेखि विद्यमान ऐनहरूका कसुर र सजायका व्यवस्थामा सुधार गर्न माग गर्दै आएको तथ्य यहाँ स्मरणीय छ । निजी क्षेत्रले नै उद्यमशीलतालाई हतोत्साहित गर्ने प्रावधानहरूलाई खारेज गर्ने, डुब्लिकेसनलाई हटाउने, क्रिमिनल र व्यावसायिक कसुरलाई फरक गर्ने र उद्यमशीलता प्रवर्धन गर्ने गरी ऐनकानुनमा परिमार्जन गर्न आवाज उठाउँदै आएको हो । यस परिप्रेक्ष्यमा २ दर्जनभन्दा बढी कानुनहरूमा एकसाथ गरिएका यी अग्रगामी सुधारबाट समग्र निजी क्षेत्र अत्यन्तै उत्साहित भएको छ । अब यिनको कार्यान्वयन र अनुपालनमा राष्ट्रिय सहमति हुनु पर्दछ । अनि मात्र हामी समृद्धिका दिशामा अघि बढ्न सक्छौँ ।

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८१-८२ को छ महिनाको तथ्याङ्कमा आधारित

७.१ प्रतिशतले
घटेको छ, (आयात) ।

३१.८ प्रतिशतले
घटेको छ, (निर्यात) ।

५.४१ प्रतिशत
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।

रू. २४९ अर्ब २६ करोड
बचत, शोधनान्तर स्थिति ।

रू. १६ अर्ब ४८ करोड
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।

३.७ प्रतिशत
बढेको छ, बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।

५.२ प्रतिशतले
बढेका छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।

४.१ प्रतिशतले
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ ।

श्रोत: नेपाल राष्ट्र बैंक

Foreign Trade Direction :

Based on First Seven Months (Shrawan-Magh) of FY 2081/82

(Mid July 2024 to Mid February 2025)

S.N	Trade Indicators	FY 2080/81 (First Seven Months)	FY 2081/82 (First Seven Months)	Change (%)
1.	Imports (Rs.in `000)	897,943,899	988,587,700	10.09
2.	Exports (Rs.in `000)	86,830,912	127,204,829	46.50
3.	Trade Deficit (Rs.in `000)	811,112,988	861,382,871	6.20
4.	Total Foreign Trade (Rs.in `000)	984,774,811	1,115,792,529	13.30
5.	Imports/Exports Ratio	10.34	7.77	-24.85
6.	Exports Share to Total Trade (%)	8.82	11.40	29.30
7.	Imports Share to Total Trade (%)	91.18	88.60	-2.83

Source : Government of Nepal, Deartment of Customs

Top 10 Imports by Chapter

Based on First Seven Months (Shrawan-Magh) of FY 2081/82

(Mid July 2024 to Mid February 2025) *(figures are in Rs. Thousands)*

S.N	Description	Imports Value
1.	Mineral fuels, mineral oils and products of their distillation	176904890
2.	Iron and steel	80663068
3.	Animal or vegetable fats and oils and their cleavage products	66209093
4.	Electrical machinery and equipment and parts	65405569
5.	Boilers, machinery and mechanical appliances; parts thereof	65168417
6.	Vehicles; other than railway or tramway rolling stock	55211131
7.	Plastics and articles thereof	37090152
8.	Cereals	36357329
9.	Vegetables and certain roots and tubers; edible	25877825
10.	Pharmaceutical products	25061121

Source : Government of Nepal, Deartment of Customs

Top 10 Exports by Chapter

Based on First Seven Months (Shrawan-Magh) of FY 2081/82

(Mid July 2024 to Mid February 2025) *(figures are in Rs. Thousands)*

S.N	Description	Exports Value
1.	Animal or vegetable fats and oils and their cleavage products	40534013
2.	Coffee, tea, mate and spices	9464586
3.	Man-made staple fibres	8092909
4.	Iron and steel	7362904
5.	Carpets and other textile floor coverings	7191086
6.	Wood and articles of wood; wood charcoal	5776440
7.	Apparel and clothing accessories; not knitted or crocheted	4555098
8.	Food industries, residues and wastes	4348990
9.	Preparations of vegetables, fruit, nuts or other parts of plants	3978836
10.	Vegetable textile fibres; paper yarn and woven fabrics of paper yarn	3396523

Source : Government of Nepal, Deartment of Customs

Trade Balance by Partner Countries

Based on First Seven Months (Shrawan-Magh) of FY 2081/82

(Mid July 2024 to Mid February 2025)

(figures are in Rs. Thousands)



Source : Govt. of Nepal, Department of Customs

Imports & Exports by Customs Offices

Based on First Seven Months (Sharwan-Magh) of FY 2081/82

(Mid July 2024 to Mid February 2025)

(figures are in Rs. Thousands)



Source : Govt. of Nepal, Department of Customs

Skill Demand Mapping of Sunsari-Morang Industrial Corridor

Number of HR Based on Gender and Location



श्रोत : उद्योग संगठन मोरङद्वारा २०२४ डिसेम्वरमा गरिएको सर्वेक्षणको नतिजा

New Occupations in High Demand for the Next 5 Years

Occupation	Reason	Number
CNC Operator	Market Demand	10
Operator	Expansion Program	2
Skilled Manpower	New Plant Installation	5
Electrical Engineer	Repair, PCB Drive	5
AI Expert	Industry Growth	200
Marketing	Market Demand	5
IT	Market Demand	6
Machine Operator	High Demand	530
Data Analyst	Tech & IT Growth	50
Graphic Designer	Industry Demand	400
PLC Programming	Industry Need	20
Gabion Base Operator	Market Demand	10

श्रोत : उद्योग संगठन मोरङद्वारा २०२४ डिसेम्वरमा गरिएको सर्वेक्षणको नतिजा

Positions Hardest to Fill Due to Skill Shortages

No.	Position	Existing Workers	Number of Demands
01	Marketing/Assistant	37	02
02	Electrical	06	10
03	Automation	00	03
04	IT	04	06
05	Operator	2193	520
06	Machine Operator	00	08
07	Loom Operator	238	179
08	Dying Master	01	01
09	Welder	05	08

Existing Workers   Number of Demands

श्रोत : उद्योग संगठन मोरङद्वारा २०२४ डिसेम्बरमा गरिएको सर्वेक्षणको नतिजा

Apprenticeship Program Demand and Status



श्रोत : उद्योग संगठन मोरङद्वारा २०२४ डिसेम्बरमा गरिएको सर्वेक्षणको नतिजा

New Sectors with High Demand in the Next 5 Years



श्रोत : उद्योग संगठन मोरङद्वारा २०२४ डिसेम्बरमा गरिएको सर्वेक्षणको नतिजा

नेपाल सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि गर्न मौजुदा कानुनमा गरेको संशोधन र संशोधनबाट अपेक्षित उपलब्धिका मूलभूत विषयहरू

मौजुदा व्यवस्था	गरिएको संशोधन	संशोधनबाट अपेक्षित उपलब्धि
१. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९		
६(१) 'विदेशी लगानी' भन्नाले कुनै फर्म, कम्पनी वा संस्थामा विदेशी लगानीकर्ताले गरेको देहाय बमोजिमको लगानी सम्झनुपर्छ (१) सेयरमा गरेको लगानी, (२) निक्षेपमा गरेको लगानी, (३) उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी, (४) ऋण वा ऋण सुविधाका रुपमा गरेको लगानी ।	**दफा २ मा संशोधन:** विदेशमा लगानीको परिभाषामा नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशस्थित निश्चित प्रकृतिका निकायको सेयरमा गरेको लगानीलाई समेटी परिभाषित गरिएको । **दफा १०क, थप:** विदेशमा लगानीको नियमन सम्बन्धी व्यवस्था गरिएको। यस व्यवस्थाअन्तर्गत मूलतः सूचना प्रविधिमा आधारित नेपाली कम्पनीहरूले विदेशमा लगानी गर्न पाउनेछन् । साथै, कुनै पनि नेपाली नागरिकले आफू विदेशमा रहँदा-बस्ताको अवधिमा गरेको आर्जनबाट प्राप्त रकमलाई विदेशमा कुनै पनि क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ । त्यसैगरी नेपालमा संस्थापित कम्पनीको विदेशस्थित मुख्य कम्पनीले वा त्यस्तो मुख्य कम्पनीको विदेशस्थित अन्य सहायक कम्पनीले नेपालमा संस्थापित कम्पनीको नेपालमा बसोबास गर्ने नेपाली नागरिक कर्मचारीको हकमा समेत लागु हुनेगरी सञ्चालन वा कार्यान्वयन गरेको कर्मचारी सेयर विक्री योजना अन्तर्गत त्यस्तो कर्मचारीले नेपालबाट बाहिर परिवर्त्य मुद्रा विप्रेषण नहुने गरी सेयर प्राप्त गर्न र त्यस्तो सेयरबाट आय आर्जन गर्न पाउने व्यवस्था गरिएको छ ।	यस व्यवस्थाबाट अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्नेगरी नेपाली सूचना प्रविधिमा आधारित कम्पनीले विदेशमा सहायक कम्पनी तथा शाखा खोल्न, कारोबार गर्न, विदेशमा भएको आम्दानी नेपालमा भित्र्याउन सक्नेछन् । साथै, नेपालमा संस्थापित कम्पनीको विदेशस्थित हिताधिकार कम्पनीले जारी गर्ने कर्मचारी सेयर विक्री योजनामा नेपाली कर्मचारीले समेत सेयर प्राप्त गर्नसक्ने भई त्यसबाट आयआर्जन गर्न पाई लाभान्वित हुनेछन् ।
२. राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधन:		
९. पुनरावेदन सम्बन्धमा धरौटी राख्ने र म्याद : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गत न्यायाधिकरण वा उच्च अदालतमा पुनरावेदन गर्दा देहायबमोजिम धरौटी नराखी पुनरावेदन लाग्नेछैन ।	दफा ९ को उपदफा (१) मा संशोधन: "धरौटी नराखी" भन्ने शब्दहरूको सट्टा "धरौटी वा शर्त बिनाको मुद्दाको अवधिसम्म अद्यावधिक हुनसक्ने बैङ्क जमानत नराखी" भन्ने शब्दहरू राखिएको ।	राजस्व न्यायाधिकरण वा उच्च अदालतमा मुद्दा पुनरावेदन गर्दा नगदै धरौट राख्नुपर्ने हालको व्यवस्थालाई सम्बोधन गरी सोको सट्टामा नगद धरौट वा मुद्दाको अवधिभर खाम्नेगरी बैङ्क जमानत राखेर पनि मुद्दा पुनरावेदन गर्न सकिने व्यवस्था मिलाइएको र यसबाट मुद्दा पुनरावेदनमा व्यावसायिक लागत न्यून हुन जाने अपेक्षा लिइएको छ ।

३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः

	दफा ३ को उपदफा (१) झिकिएको: तोकिएको अवस्थामा बाहेक सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा कैद तथा जरिवाना गर्ने सम्बन्धी व्यवस्था झिकिएको ।	प्रतिस्पर्धाका माध्यमबाट वस्तुको मूल्य निर्धारण हुने, साथै उपभोक्ताको हित विरुद्धका सबै कसुरहरूलाई उपभोक्ता हित संरक्षण ऐन, २०७५ बमोजिम कारबाही भई एकरूपता कायम हुने ।

४. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने-उम्कने वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउपुर्जी जारी गरी त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिका लागि पक्राउ परेको व्यक्तिसहित उपस्थित गराउनु पर्नेछ ।	दफा १२ को उपदफा (४) मा संशोधनः "त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी भन्ने शब्दहरू" पछि "बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र भन्ने शब्दहरू थपिएको ।"	जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरिएका व्यक्तिलाई हाल कति समयभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने भन्ने स्पष्ट व्यवस्था नभएका सन्दर्भमा अन्य कानुनहरूसँग समेत तादात्म्य हुनेगरी "बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र" भन्ने शब्दहरू थपिएबाट तत् सम्बन्धमा एकरूपता एवम् निश्चितता कायम हुने ।
(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले पचास लाख रुपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ । तर जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐनबमोजिम मुद्दा चलाउनु पर्नेछ ।	दफा १३क को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।	राजस्व चुहावटसँग सम्बन्धित कसुरमा मुद्दा दायर गर्दा वादी (सरकार) तथा प्रतिवादी दुबै पक्षलाई अदालती प्रक्रियामा लामो समय र लागत लाग्नुका साथै व्यवसायसमेत बन्द हुने सम्भावना रहने र यसबाट अर्थतन्त्रमा नकारात्मक असर पुग्ने देखिएको हुँदा सम्बन्धित प्रतिवादीले राजस्व चुहावट सम्बन्धमा कानुन बमोजिम निर्धारण गरिएको कर तथा शुल्क जरिवाना बुझाउन राजी भई त्यस्तो रकम दाखिला गरेमा अदालती मुद्दा प्रक्रियामा नजाने हुँदा लागत र समय वचत हुने देखिएको ।

	उपदफा (६) पछि उपदफा (७) र (८) थप: यस ऐन बमोजिम मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिवाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा राजस्व अनुसन्धान विभागले बिगो र लाग्ने जरिवाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकिल कार्यालयमा पेश गर्नुपर्ने र त्यसरी लेखीआएमा सरकारी वकिल कार्यालयले त्यस्तो मुद्दा नचलाउने निर्णय गर्ने ।	
	ठाउँ-ठाउँमा रहेका पचास लाख भन्ने शब्दहरूको सट्टा "तीन करोड" भन्ने शब्दहरू राखिएको ।	
२०(क) स्वत: निलम्बन हुने: यस ऐनअन्तर्गतको कसुरको अनुसन्धान तथा तहकिकातको क्रममा कुनै राष्ट्रसेवक कर्मचारीलाई थुनामा राखिएकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २० बमोजिम मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक कर्मचारी सो मुद्दाको किनारा नभएसम्म स्वत: निलम्बनमा रहनेछ ।	दफा २० को उपदफा (३) र (४) मा संशोधन: हाल कुनै समयसीमा नरहेकोमा समयसीमा थप गरिएको ।	अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्रमा जाँदा मुद्दाको सङ्ख्या, लागत तथा समयमा कमी आउनुका साथै समयमा नै राजस्व सङ्कलन हुने । साथै, कतिपय अवस्थामा प्रतिवादीले अज्ञानतावश राजस्व चुहावटजन्य गतिविधिमा संलग्न भएको हुनसक्ने वा उपलब्ध कागजातबाट निजको संलग्नता रहेको देखिए तापनि राजस्व चुहावट गर्ने स्पष्ट बदनियत नरहेको अवस्थामा निजउपर मुद्दा चलाउनु फौजदारी न्यायको दृष्टिकोणले उपयुक्त नहुने हुँदा नागरिकको अधिकार सुरक्षित हुने ।
	दफा २४ पछि दफा २४क, र दफा २४ख, थप: २४क, मिलापत्र हुनसक्ने: अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा त्यस्तो मुद्दालाई निरन्तरता दिनुभन्दा मिलापत्रमा जानु उपयुक्त हुने हुँदा यससम्बन्धी प्रावधान थपिएको । २४ख, मुद्दा फिर्ता लिन सकिने: जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक प्रतिवादीउपर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिने ।	

५. मध्यस्थता ऐन, २०५५ मा संशोधन:

३२. अदालतबाट निर्णय कार्यान्वयन हुने: यस ऐनको दफा ३१ मा तोकिएको अवधिभित्र निर्णय कार्यान्वयन हुन नसकेमा सो म्याद नाघेको तिस दिनभित्र मध्यस्थको निर्णय कार्यान्वयन गराउनको लागि सम्बन्धित पक्षले जिल्ला अदालत समक्ष निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसलासरह साधारणतः तिस दिनभित्र कार्यान्वयन गरिदिनु पर्नेछ ।	दफा १३क. थप: मुद्दाका पक्षहरूले सम्झौता वा सहमति गरी तोकिए बमोजिमको द्रुत मध्यस्थता सेवा अवलम्बन गरी विवाद समाधान गर्नसक्ने । दफा ३० मा उपदफा (४) थप: अदालतले सुनुवाइ गर्दा मध्यस्थले आधार लिएको प्रमाणको पुनः परीक्षण गर्नेगरी सुनुवाइ गर्नुहुँदैन । दफा ३२ मा संशोधन: मध्यस्थताको निर्णय कार्यान्वयन हुन नसकेमा निर्णय कार्यान्वयन गराउनका लागि सम्बन्धित पक्षले जिल्ला अदालतसमक्ष निवेदन दिनसक्ने र त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसलासरह कार्यान्वयन गरिदिनु पर्नेछ ।	विवादहरू मध्यस्थताका विधिबाट शीघ्र समाधान एवम् निर्णय कार्यान्वयन हुन सहज हुने ।

६. कम्पनी ऐन, २०६३ मा संशोधन:

	दफा १८ को उपदफा (३क), (३ख), (३ग), र (३घ) थप: कम्पनी संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगदबाहेक अरू कुनै किसिमबाट सेयर खरिद, जारी वा सेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्नसक्ने । यससम्बन्धी विषय कम्पनीको साधारण सभामा विशेष प्रस्तावको रूपमा पारित गर्नु पर्ने । यस्तो सेयर स्टार्ट-अप उद्यमको हकमा चुक्ता पुँजीको ४०% र कम्पनीको हकमा २०% प्रतिशत सेयर व्यक्तिलाई प्रदान गर्न सकिने ।	श्वेत सेयर व्यवस्थित हुने ।
कारोबार प्रारम्भ गर्न स्वीकृति लिनुपर्ने ।	दफा २९ को उपदफा (४) झिकिएको । दफा ६३ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थप: सञ्चालनमा आइसकेको कुनै प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्न पुनः स्वीकृति लिइरहन आवश्यक नपर्ने । दफा ६६क थप: कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी कुनै कम्पनीले कुनै कर्मचारी वा नियमित रोजगारीमा रहेको सञ्चालकलाई सेयर निष्कासन गरी बिक्री गर्न र सम्बन्धित कर्मचारी वा सञ्चालकले खरिद गर्न पाउने ।	कर्मचारी थप उत्प्रेरित हुनुका साथै कम्पनीमा आफ्नो समेत स्वामित्व राख्न पाउने ।
	दफा ८१ मा उपदफा (७) थप: कुनै कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना वा जानकारी संवत् २०८२ साल असार मसान्तभित्र बुझाएमा यस ऐन बमोजिम विवरण, सूचना वा जानकारी ढिला बुझाए बापत लाग्ने जरिवानामा नब्बे प्रतिशत छुट दिइने ।	विवरण पेश नगरेका कम्पनीहरूले विवरण पेश गर्ने भई कानुनको अनुपालना बढ्ने ।

(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत सेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको, तर एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ । (क) कम्पनीका संस्थापकले कम्पनीको कारोबार सुरु गर्न नसकेको कारण देखाई कम्पनीको दर्ता खारेज गरी पाउन तोकिएको दस्तुर सहित निवेदन दिएमा,	दफा ८९ को उपदफा (१) को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको प्रतिस्थापन: एउटा प्राइभेट कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा पनि सञ्चालक हुनसक्ने, पब्लिक कम्पनीमध्ये बैङ्क, वित्तीय तथा बिमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक एउटा पब्लिक कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुनसक्ने व्यवस्था गरिएको । दफा १३६क. को प्रतिस्थापन: कारोबार सञ्चालन नगरेको वा सञ्चालनमा नरहेको वा विवरण पेश नगरेको वा लाग्ने जरिवाना नबुझाएको कम्पनीले दर्ता खारेज गर्न चाहेमा त्यस्तो कम्पनीको साधारण सभाबाट निर्णय गरी कार्यालयमा निवेदन दिनसक्ने ।	कम्पनी बन्द गर्दा हुने झन्झटको अन्त्य हुने ।

७. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधन:

(२) बैङ्क वा वित्तीय संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल-अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी लिई आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी कर्जा प्रवाह गर्नु पर्नेछ ।	दफा ५५ को उपदफा (२) प्रतिस्थापन: बैङ्क वा वित्तीय संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी वा सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत परियोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबिच भएको परियोजना विकास सम्झौतालाई सुरक्षणको रूपमा स्वीकार गरी आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी कर्जा प्रवाह गर्नसक्ने । दफा ५५ को उपदफा (३) पछि उपदफा (३क) थप: सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबिच भएको परियोजना विकास सम्झौता बमोजिम कार्यान्वयन भएको परियोजनामा समस्या उत्पन्न हुँदा वा ऋणीले कर्जा दायित्व पूरा गर्न नसकेको अवस्थाको बैङ्क वा वित्तीय संस्थालाई सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकायसँग गरिएको सम्झौता बमोजिम स्टेप इन अधिकार प्रचलन गराउने अधिकार हुने ।	सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गतका परियोजनाले बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न सहज हुने ।

८. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधनः

उद्योगको सूची तयार गर्ने : (१) प्राधिकरणले विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न सकिने तोकिए बमोजिमको उद्योगको सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ । ११. सम्झौता गर्नुपर्ने : अनुमतिपत्रवालाले अनुमतिपत्र प्राप्त गरेपछि उद्योगको स्थापना र सञ्चालनका सम्बन्धमा देहायका विषयमा प्राधिकरणसँग सम्झौता गर्नु पर्नेछ :- (क) उद्योगको लागि आवश्यक पर्ने भवन, जग्गा वा सेवा (बिजुली, पानी, ढल, फोहरमैला व्यवस्थापन आदि) प्रयोग गरेबापत निजले बुझाउनु पर्ने लिज वा बहालको रकम, (ख) उद्योग स्थापना तथा सञ्चालन गर्ने मिति, (ग) उद्योगको उत्पादन निर्यात गर्ने परिमाण, (घ) विदेशी लगानीकर्ता भए प्रविधि हस्तान्तरण गर्ने विषय, (ङ) तोकिए बमोजिमका अन्य कुराहरू ।	दफा २ मा संशोधनः "उद्योग"-को परिभाषामा विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न नसकिने उद्योगको सूचीमा समावेश भएको उद्योग बाहेकको अन्य सबै उद्योगलाई समेटिएको । दफा ११ मा संशोधनः विशेष आर्थिक क्षेत्रभित्र उद्योग स्थापना गर्न अनुमतिपत्रवालाले अनुमतिपत्र प्राप्त गरेको मितिले एक सय बिस दिनभित्र उद्योगको स्थापना र सञ्चालनका सम्बन्धमा प्राधिकरणसँग सम्झौता गर्नुपर्ने ।	अनुमतिपत्रवाला उद्योगले निश्चित समयसीमाभित्रै उद्योग स्थापना र सञ्चालन सम्बन्धमा सम्झौता गरिसक्ने स्थितिको निर्माण हुने ।
१३. निर्यात गर्नुपर्ने : (१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगबाट उत्पादन गरेको सम्पूर्ण वस्तु वा सेवा निर्यात गर्नुपर्ने छ ।	दफा १३ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थपः तर काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा उद्योगले प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो परिस्थिति परेको अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा विक्री गर्नसक्ने ।	विशेष आर्थिक क्षेत्रभित्र स्थापना भएका उद्योगले आफ्नो उत्पादनको न्यूनतम निश्चित प्रतिशत अनिवार्य रूपमा निर्यात गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा कुनै उद्योगले काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा विक्री गर्नसक्ने भई काबुबाहिरका परिस्थितिमा जोखिम न्यूनीकरण गर्न एवम् व्यावसायिक नोक्सानी हुन नदिन सहयोग पुग्ने ।

	दफा १६ को खण्ड (ङ) पछि खण्ड (ङ१) थप: उद्योगका लागि आवश्यक हुने भवन लगायतका भौतिक संरचनाको नक्सा स्वीकृत गरी सम्बन्धित स्थानीय तहलाई जानकारी दिने ।	विशेष आर्थिक क्षेत्रभित्र स्थापित भौतिक संरचनाको नक्सालगायतको अभिलेख स्थानीय तहमा उपलब्ध हुने ।
	दफा २६ पछि दफा २६क, थप: विशेष आर्थिक क्षेत्रको उद्योगले जग्गा बाहेकको स्थिर सम्पत्ति वा सम्झौतालाई बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिनसक्ने ।	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई ऋण लिन सहज हुने ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिमाली जिल्ला वा नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रको उद्योगले आफ्नो उत्पादनको व्यापारिक कारोबार सुरु गरेको मितिबाट पहिलो दश वर्षसम्म प्रचलित कानुन बमोजिम लाग्ने आयकरमा शतप्रतिशत र त्यसपछिका दश वर्षसम्मको लागि आय वर्षमा लाग्ने आयकरमा पचास प्रतिशत छुट पाउनेछ ।	दफा २७ को उपदफा (२) प्रतिस्थापन: दफा ७ बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएको उद्योगले कारोबार सुरु गरेको मितिबाट यस दफा बमोजिमको अवधि पुग्न जति वर्ष बाँकी छ सो अवधिको मात्र कर छुट सुविधा पाउने ।	कुनै उद्योगले पाएको कर छुट सुविधा त्यस्तो उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएपश्चात् पनि प्राप्त हुने सुनिश्चितता हुँदा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरणलाई प्रोत्साहन मिल्ने ।
३०. निर्यात सरहको सुविधा पाउने : प्रचलित कानुन बमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी वा उद्योगले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन विक्री गरेमा त्यस्तो विक्रीलाई निर्यात सरहको मानी निर्यात गरेबापत प्रचलित कानुन बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगले सो सुविधा पाउनेछ ।	दफा ३० मा संशोधन: कुनै उत्पादन विक्री गरेमा भन्ने शब्दहरूको सट्टा “कुनै उत्पादन वा सेवा विक्री गरेमा” भन्ने शब्दहरू राखिएको ।	हाल उत्पादनमूलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई उत्पादन विक्री गर्दा निर्यात गर्ने उद्योगसरह सुविधा प्राप्त गर्ने व्यवस्था रहेकोमा अवउप्रान्त सेवामूलक उद्योगलाई पनि त्यस्तो सुविधा उपलब्ध हुने ।

९. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधनः

(च) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबिच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छ:- (ञ) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानी सम्झनु पर्छ:-	दफा २ मा संशोधनः खण्ड (च) को उपखण्ड (३) प्रविधि हस्तान्तरणका परिभाषामा संशोधन गरी व्यवस्थापन तथा प्राविधिक सेवा, सूचना-प्रविधि, मार्केटिङ तथा मार्केट रिसर्च, वित्तीय, लेखा तथा लेखापरीक्षण, इन्जिनियरिङ, आउटसोर्सिङ, मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ तथा डिजिटल डेटा माइग्रेसन, डिजाइन सेवा वा अन्य प्राविधिक सिप वा ज्ञानलाई समेटिएको । खण्ड (ञ) विदेशी लगानीको परिभाषा अन्तर्गत उपखण्ड (१०) थप गरी दफा ९.क. बमोजिम विशिष्टीकृत लगानी कोषको एकाइमा गरेको लगानीलाई पनि समेटिएको ।	वैदेशिक प्रविधि हस्तान्तरणको दायरा विस्तार भई त्यस्ता प्रविधि भित्र्याउन र सो मार्फत स्वदेशी प्रविधि विकास तथा उत्पादन वृद्धिमा सकारात्मक योगदान पुग्ने। साथै, विदेशी लगानीकर्ताले विशिष्टीकृत लगानी कोषको एकाइ खरिद गरी विदेशी लगानी गर्नसक्ने र यसबाट मुलुकभित्र विदेशी लगानी भित्र्याउन सहयोग पुग्ने ।
२) उपदफा (१) बमोजिम हुने प्रविधि हस्तान्तरणका शर्तहरू सम्बन्धित उद्योग र विदेशी लगानीकर्ताबिच भएको प्रविधि हस्तान्तरणसम्बन्धी सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।	दफा ७क को उपदफा (२) मा संशोधनः नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेशमा प्रविधि हस्तान्तरण गरेबापत प्राप्त हुने विदेशी मुद्रा नेपाल राष्ट्र बैङ्कको अनुमति लिई नेपालमा भित्र्याउन वा विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानुनका अधीनमा रही विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहनेगरी संस्थापित यस्तै प्रकृतिको निकायमा लगानी गर्न सक्नेछ ।	प्रविधि निकासीबाट प्राप्त हुने विदेशी मुद्रालाई विदेशी निकायमा लगानी गर्न पाउने सुविधाबाट निकासी प्रवर्द्धन हुने ।
९. पुँजी लगानी कोष खडा गरी विदेशी लगानी गर्नसक्ने: (१) संस्थागत विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपुँजी (इक्विटी) लगानी गर्ने प्रयोजनको लागि प्रचलित कानुन बमोजिम कम्पनी संस्थापना गरी धितोपत्र बोर्डको स्वीकृति लिई पुँजी लगानी कोष (भेन्चर क्यापिटल फन्ड) खडा गर्न सक्नेछ । १२. विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेः विदेशी लगानी भएको कुनै उद्योगले प्रचलित नेपाल कानुनबमोजिम मन्त्रालयको सिफारिस र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्नेछ ।	दफा ९ को उपदफा (१) मा संशोधनः "पुँजी लगानी कोष (भेन्चर क्यापिटल फन्ड)" भन्ने शब्दहरूको सट्टा "कोष व्यवस्थापकको कार्य तथा पुँजी लगानी कोष (भेन्चर क्यापिटल फन्ड)" भन्ने शब्दहरू राखिएको । दफा ९क थपः विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपुँजी लगानी (इक्विटी) गर्ने प्रयोजनको लागि नेपाल धितोपत्र बोर्डको स्वीकृति लिएर पुँजी लगानी कोष (भेन्चर क्यापिटल फन्ड) वा विशिष्टीकृत लगानी कोषको एकाइ खरिद गरी विदेशी लगानी गर्नसक्ने व्यवस्था मिलाइएको । दफा १२ मा संशोधनः कुनै पनि नेपाली उद्योगले प्रचलित नेपाल कानुनबमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिनसक्ने र त्यस्तो ऋण वा लगानीलाई ऐनको परिच्छेद ५ बमोजिम अन्य विदेशी लगानी भएका उद्योग वा विदेशी लगानीकर्तालाई प्रदान गरिए सरहको छुट, सुविधा र सहुलियत उपलब्ध हुने ।	मुलुकमा विदेशी लगानी भित्र्याउन सहज भई त्यस्तो लगानी वृद्धि हुने ।

	दफा १८क थप: स्वीकृत विदेशी लगानीको रकम उद्योग विभागको स्वीकृतिमा कुनै व्यक्ति वा निकायलाई पूर्ण वा आंशिक रूपमा नि:शुल्क हस्तान्तरण गर्न सक्ने । दफा २० को उपदफा (२) मा खण्ड (ज) र (झ) थप: विशिष्टीकृत लगानी कोषको एकाइ विक्री बापतको रकम र विशिष्टीकृत लगानी कोषको एकाइबाट प्राप्त मुनाफालाई विदेशी लगानीकर्ताले चाहेमा प्रचलित कानुन बमोजिमको कर दायित्व पूरा गरी परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउने व्यवस्था मिलाइएको ।	लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहन र आकर्षण वृद्धि भई विदेशी लगानी प्रवर्द्धन गर्न सहयोग पुग्ने ।
	दफा २६ को उपदफा (१क) थप: दफा २० बमोजिमको प्रक्रिया पूरा गरेको विदेशी लगानी फिर्ता लैजान विदेशी लगानी स्वीकृत गर्ने निकायको सिफारिस तथा नेपाल राष्ट्र बैङ्कको स्वीकृति आवश्यक नपर्ने ।	विदेशी लगानीकर्ताले गरेको लगानी र आर्जित रकम फिर्ता लैजान सहजता हुने भएबाट विदेशी लगानी आकर्षित गर्न सहयोग पुग्ने ।
(५) दफा २७ बमोजिम उद्योगमा काम गर्न आउने विदेशी विशेषज्ञ प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई गैर पर्यटक भिसा दिइनेछ ।	दफा ३० को उपदफा (५) मा संशोधन: उद्योगमा काम गर्न आउने विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीको परिवारलाई समेत गैरपर्यटकीय भिसा दिने व्यवस्था मिलाइएको ।	विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई नेपालमा ल्याउन सक्दा स्वदेशी उद्योग सञ्चालन र विस्तारका साथै स्वदेशी जनशक्तिको सिकाइ र क्षमता विकासमा योगदान पुग्ने भएको तथ्यलाई दृष्टिगत गरी उनीहरूको परिवारका सदस्यलाई नेपालमा आउँदा गैरपर्यटकीय भिसा उपलब्ध गराउने व्यवस्थाले विदेशी दक्ष जनशक्ति नेपाल आउन उत्प्रेरित हुने देखिएको ।
(२) उपदफा (१) बमोजिम स्वीकृति लिँदा अन्य कुराका अतिरिक्त प्रदेशमा उद्योग दर्ता भएको प्रमाणपत्र र उद्योग सम्बन्धी विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस पेश गर्नुपर्नेछ ।	दफा ४८ को उपदफा (२) मा संशोधन: प्रदेशमा दर्ता भएको उद्योगमा विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न प्रदेशको उद्योगसम्बन्धी विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस चाहिने साबिकको व्यवस्थालाई हटाइएको ।	प्रक्रियागत सरलीकरण भई विदेशी लगानी आकर्षित गर्न सहयोग पुग्ने देखिएको ।
विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय १. पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरू,	अनुसूची-विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायमा संशोधन: - क्र.सं. १ मा संशोधन: "ठूला उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग, कृषि प्रविधि र यान्त्रिकीकरण" भन्ने शब्दहरू राखिएको । - क्र.सं. ११ थप: वायुयान सञ्चालन,	विदेशी लगानी खुला नगरिएका उद्योगको सूचीबाट क्र.सं. १ मा उल्लिखित ठूला उद्योग, कृषि प्रविधि र यान्त्रिकीकरण लाई अलग गरिएको, साथै क्र.सं. ११ मा उल्लिखित सेवा उद्योगका हकमा तोकिएको सीमासम्म विदेशी लगानी

२. साना तथा घरेलु उद्यम, ३. व्यक्तिगत सेवा व्यवसाय (जस्तोः कपाल काटने, सिलाइ (टेलरिङ्ग) डाइभिङ्ग आदि) ४. हातहतियार, खरखजाना, गोलीगठ्ठा, बारुद वा विष्फोटक पदार्थ तथा न्यूक्लियर, बायोलोजिकल तथा केमिकल (एन. बी. सी.) हतियार उत्पादन गर्ने उद्योग, आणविक शक्ति (एटोमिक इनर्जी), विकीरणजन्य सामग्री (रेडियो एक्टिभ म्याटेरियल्स) उत्पादन गर्ने उद्योग, ५. घर जग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक) खुद्रा व्यापार, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ्ग सेवा, मनिचेन्जर, रेमिटेन्स सेवा, ६. पर्यटनमा संलग्न ट्राभल एजेन्सी, पथ प्रदर्शक, ट्रेकिङ्ग तथा पर्वतारोहण पथ प्रदर्शक, होमस्टे लगायतका ग्रामीण पर्यटन, ७. आमसञ्चारका माध्यमहरू (पत्रपत्रिका रेडियो, टेलिभिजन र अनलाइन समाचारको व्यवसाय, राष्ट्र भाषाको चलचित्र व्यवसाय, ८. व्यवस्थापन, लेखा, इन्जिनियरिङ, कानुनी परामर्श सेवा सङ्गीत तालिम, कम्प्युटर तालिम, र र भाषा तालिम, एकाउन्न प्रतिशतभन्दा बढी विदेशी लगानी हुने परामर्श सेवाहरू ।	प्रशिक्षण, मर्मत सम्भार तथा यात्रु सेवा सुविधा प्रदायक उद्योगका हकमा देहायको सीमाभन्दा बढी हुने विदेशी लगानी.. (क) अन्तर्राष्ट्रिय वायुसेवाः ८० प्रतिशत (ख) आन्तरिक वायुसेवाः ४९ प्रतिशत (ग) प्रशिक्षण संस्थाः ९५ प्रतिशत (घ) मर्मत-सम्भार संस्थाः ९५ प्रतिशत	हुने उद्योगलाई अलग गरिएको । यसबाट ती उद्योगहरूमा विदेशी लगानी खुला भई लगानी आकर्षित हुने भएको ।

१०. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधनः

कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृति लिई सल्लाहकार वा विशेषज्ञको समूह गठन गर्न सक्नेछ । १४. सार्वजनिक-निजी साझेदारी एकाइः (१) सार्वजनिक-निजी साझेदारी	दफा १० को उपदफा (४) संशोधनः बोर्डको स्वीकृति लिई कार्यालयले सल्लाहकार वा विशेषज्ञको सेवा लिन सक्नेछ । त्यस्तो सल्लाहकार वा विशेषज्ञको कार्यक्षेत्रगत शर्त र पारिश्रमिक तथा सुविधा बोर्डले निर्धारण गरे बमोजिम हुने । दफा १४ को दफा शीर्षकमा संशोधनः शीर्षकमा रहेका “सार्वजनिक निजी साझेदारी	लगानी बोर्डको कार्यालयमा आवश्यक विज्ञ जनशक्ति व्यवस्थापनमा सहजता पुग्ने, साथै बोर्डको कार्यालयको कार्यसम्पादनमा सकारात्मक नतिजा हासिल हुने ।

अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनौट गर्न र सार्वजनिक निकायहरूलाई परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न कार्यालयमा एक सार्वजनिक-निजी साझेदारी एकाइ रहनेछ । १५. लगानी एकाइः (१) यस ऐनबमोजिम कार्यान्वयन हुने परियोजनामा हुने लगानीको प्रवर्द्धन तथा लगानीमैत्री वातावरणका लागि समन्वय, सहकार्य तथा सहजीकरण गर्न कार्यालयमा एक लगानी एकाइ रहनेछ ।	एकाइ" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक निजी साझेदारी" निर्देशनालय भन्ने शब्दहरू राखिएको । दफा १५ को दफा शीर्षकमा संशोधनः शीर्षकमा रहेको "लगानी एकाइ" भन्ने शब्दहरूको सट्टा "लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय" भन्ने शब्दहरू राखिएको । दफा ४६ मा उपदफा (४) र (५) थपः (४) एकल विन्दु सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि बोर्डले बनाई लागू गर्नेछ । (५) बोर्डको कार्यालयमा स्थापित एकल विन्दु सेवा केन्द्रमा सम्बन्धित सरोकारवाला निकायबाट प्रचलित कानुनबमोजिम निर्णय गर्ने अख्तियारीसहित कर्मचारी खटाउनु पर्नेछ । दफा ४६ पछि देहायको दफा ४६क. थपः बोर्डमार्फत सञ्चालन हुने आयोजनाको दर्ता, स्वीकृति र कार्यान्वयन प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिनेछ । दफा ५७ को उपदफा (२) मा खण्ड (घ) थपः बोर्डबाट कार्यान्वयन हुने परियोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने आम्दानीको निश्चित अंश सालबसाली विनियोजन ऐनबाट छुट्ट्याइएको रकम बोर्डको कोषमा जम्मा हुने ।	

११. औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधनः

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि, । (५)वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने स्वघोषणा गर्नु पर्नेछ । (७) उपदफा (६) बमोजिमको अनुमतिपत्रप्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भएको समयावधिभित्र उद्योग दर्ता गर्ने निकायमा उद्योग दर्ताको लागि निवेदन दिनु पर्नेछ । यसरी निर्धारित समयावधिभित्र निवेदन नदिएमा त्यस्तो अनुमतिपत्र स्वतः निष्क्रिय हुनेछ ।	दफा ३ को उपदफा (१क) थपः दर्ता नगराई स्थापना तथा सञ्चालनमा रहेको उद्योगले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र उद्योग दर्ता गर्न निवेदन दिएमा त्यस्तो उद्योग दर्ता गर्ने निकायले तोकिएको जरिवाना लिई सो उद्योग दर्ता गरी दिनुपर्ने । दफा ४ को उपदफा (९) थपः उद्योग दर्ता गर्न निवेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र कुनै अपुग कागजात वा विवरण माग नगरेमा वा अपुग विवरण वा कागजात पेश गरेकोमा त्यस्तो कागजात वा विवरण पेश गरेका मितिले पन्ध्र दिनभित्र उद्योग दर्ता सम्बन्धी निर्णय गर्नुपर्ने, यदि नगरेमा त्यस्तो अवधि समाप्त भएपछि उद्योग स्थापना वा सञ्चालन गर्न बाधा नपर्ने व्यवस्था गरिएको । दफा ७ मा संशोधनः वातावरणीय प्रतिकूल असरलाई न्यूनीकरण गर्नुपर्ने अन्तर्गत उपदफा (२) मा रहेका "पुँजी वृद्धि" भन्ने शब्दहरू झिकिएको, उपदफा (५) मा रहेका "स्वघोषणा	उद्योग स्थानान्तरणको स्वीकृति उद्योग दर्ता गर्ने सम्बन्धित निकायबाटै हुनसक्ने र यसका लागि उद्योग विभागको स्वीकृति लिइरहनु नपर्ने व्यवस्थाले उद्योग स्थानान्तरण गर्ने प्रक्रियागत सरलीकरण हुने । वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गरेर मात्र स्थानान्तरणको स्वीकृति दिने व्यवस्थाले वातावरण संरक्षणमा योगदान पुग्ने देखिएको ।

११. उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनु पर्नेः (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । तर एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गर्नुपर्ने भएमा विभागको स्वीकृति लिनु पर्नेछ । (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ । त्यसरी उद्योग स्थानान्तरणका लागि स्वीकृति प्रदान गरिएको जानकारी सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालय र स्थानीय निकायलाई समेत दिनु पर्नेछ ।	पेश गर्नु पर्नेछ" भन्ने शब्दको सट्टा "वातावरण व्यवस्थापन योजना पेश गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएको । दफा ८ मा संशोधनः उपदफा (७) मा संशोधनः अनुसूची- १ अनुसारका उद्योग दर्ता गर्नुअघि बोर्डबाट अनुमति लिएका उद्योगले निर्धारित समयावधिभित्र निवेदन नदिएमा त्यस्तो अनुमतिपत्र स्वतः निष्क्रिय हुने भन्ने व्यवस्था झिकिएको । उपदफा (७क) थपः उपदफा (७) बमोजिम दर्ता गर्न नसकेमा सोको कारण खोली अनुमतिपत्रको म्याद थपका लागि बोर्ड समक्ष निवेदन दिनुपर्ने । उपदफा (७ख) थपः उपदफा (७क) बमोजिम प्राप्त निवेदनमा उल्लिखित कारण मनासिव लागेमा बोर्डले अनुमतिपत्रको अवधि थप गर्नसक्ने । दफा ११ मा संशोधनः उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश एक प्रदेशबाट अर्को प्रदेशमा उद्योग स्थानान्तरण गर्नुपर्ने भएमा उद्योग विभागको स्वीकृति लिनुपर्ने व्यवस्था झिकिएको । उपदफा (२) मा संशोधनः (२) उद्योग स्थानान्तरण सम्बन्धमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायले स्वीकृति दिने क्रममा वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गरी त्यस्तो स्वीकृति दिने व्यवस्था गरिएको ।	
	दफा १२क थपः कुनै उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्नुपर्ने भएमा उद्योग दर्ता गर्ने निकायमा स्वीकृतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनुपर्ने र कागजात जाँचबुझ गरी स्वीकृति दिन मनासिब देखिएमा निवेदन प्राप्त भएको मितिले तिस दिनभित्र स्वीकृति दिने ।	उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तनको अभिलेख व्यवस्थित हुने ।
	दफा २९ को खण्ड (त) र (थ) थपः (त) कुनै पनि उद्योगले प्रचलित नेपाल कानुन बमोजिम नेपाल राष्ट्र बैङ्कका स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिनसक्ने, (थ) वार्षिक पाँच करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग वा नलेज प्रोसेस आउटसोर्सिङ गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई तोकिएबमोजिम सुविधा र सहुलियत प्रदान गर्नसक्ने ।	स्वदेशी उद्योगमा विदेशी लगानी आकर्षण र परिचालन गर्न सहयोग पुग्नेः सूचना-प्रविधिमा आधारित उद्योगको प्रवर्द्धन हुने ।

३१. लिजमा जग्गा उपलब्ध गराउनेः (१) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा उपलब्ध गराई दिन उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।	दफा ३१ को उपदफा (१) मा संशोधनः "राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग र राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरू राखिएको ।	ठूला उद्योगलाई समेत नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराउन सकिने भई त्यस्ता उद्योगको स्थापना र विकासमा सकारात्मक योगदान पुग्ने देखिएको ।
(६) प्रचलित कानुन बमोजिम हदबन्दीभन्दा बढी जग्गा राखे अनुमतिप्राप्त उद्योगले त्यसरी हदबन्दीभन्दा बढी राखेको जग्गा विक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन ।	दफा ३२ को उपदफा (६) मा संशोधनः प्रचलित कानुन बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको पचास प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) को आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिको लागि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ । तर हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्रदान गर्दा तोकिएको शर्तका अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ्ग) लिन वा सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायसँग सम्पन्न भएको सम्झौता वा त्यस्तो तहको सरकारले प्रदान गरेको अनुमतिपत्र बमोजिम तोकिएको समयावधि पश्चात् सम्पूर्ण परियोजना सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायलाई हस्तान्तरण हुने प्रबन्ध बमोजिम कार्यान्वयन भएको परियोजनाका हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी बैङ्क तथा वित्तीय संस्थामा धितो राख्न दिएकै आधारमा ऋणको दायित्व सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायमा सर्ने छैन ।	उद्योगी, व्यवसायीलाई कर्जा लिन सहयोग पुगी उद्योगको क्षमता विकासमा योगदान पुग्न जाने देखिएको ।
४३. सजायः (१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने निकायका सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई देहाय	दफा ४३ मा संशोधनः उपदफा (१) मा "निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई" भन्ने शब्दहरूको सट्टा निकायले भन्ने शब्द राखिएको । सोही उपदफाको खण्ड (क) मा रहेका "लघु उद्यमको" भन्ने शब्दहरूको सट्टा "लघु उद्यम र घरेलु उद्योगको" भन्ने शब्दहरू राखिएको,	दर्ता नभएका उद्योगलाई बन्द नगरी जरिबाना लिएर दर्ता गर्न सकिने व्यवस्था मिलाइएको, साथै जरिबाना गर्ने अधिकार मन्त्रालयको सट्टामा सम्बन्धित दर्ता गर्ने निकायलाई प्रदान गरिएको । यसबाट उद्योगको विकास र औद्योगिक कानुनको

बमोजिमको जरिबाना गर्न सक्नेछ:- (क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ, (ख) घरेलु र साना उद्योगका हकमा पच्चिस हजार रुपैयाँ, (ग) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ, (घ) ठूला उद्योगको हकमा एक लाख रुपैयाँ ।	उपदफा (२), (३), (४), (६), (७) र (९) मा रहेका "निकायको सिफारिसमा मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "निकायले" भन्ने शब्द राखिएको ।	अनुपालना अभिवृद्धि हुनुका साथै प्रशासनिक प्रक्रियासमेत छिटोछरितो हुने देखिएको ।
	अनुसूची-४ मा थप: कृषि तथा वन पैदावारमा आधारित उद्योगको सूचीअन्तर्गत "कृषि प्रविधि तथा यान्त्रिकीकरण लाई" थप गरिएको । अनुसूची-८ सेवामूलक उद्योगको सूचीमा संशोधन र थप: क.सं. ३१ मा "प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एलपीजी ग्यास रिफिलिङ् र सवारी ग्यास रिफिलिङ् स्टेशन समेत)" भन्ने शब्दहरूका सट्टामा "प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा, प्राकृतिक ग्यास (एल.एन.जी., सी.एन.जी.) रिफिलिङ्ग (एल.पी.जी. ग्यास रिफिलिङ्ग र सवारी ग्यास रिफिलिङ्ग गर्ने स्टेसन समेत) वा वितरण" भन्ने शब्दहरू राखिएको । क.सं. ६७. कोष व्यवस्थापन (फन्ड म्यानेजमेन्ट), र ६८. सम्पत्ति व्यवस्थापन (आसेट म्यानेजमेन्ट) लाई सूचीमा थप गरिएको ।	सेवामूलक उद्योगको दायरा फराकिलो भएको ।
	अनुसूची-९ राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको सूचीमा थप: - क.सं.६ मा रहेका वन्यजन्तु आरक्ष पछि "तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रीडा (वाटर इन्टरटेन्मेन्ट)" थप गरिएको ।	तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रीडा (वाटर इन्टरटेन्मेन्ट) उद्योगहरूले पनि राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगले पाउने सेवा सुविधा प्राप्त गर्ने भई ती उद्योगहरूको विकास र विस्तारमा सकारात्मक योगदान पुग्न जाने देखिएको ।

१२. निजीकरणलाई व्यवस्थित गर्नका लागि निजीकरण ऐन २०५० (पहिलो संशोधन)

(६) समितिले आवश्यकतानुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।	ऐनको नाम र प्रस्तावनामा संशोधन: ऐनको नामलाई "सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०" कायम गरिएको र सोही बमोजिम प्रस्तावनामा समेत मिलाइएको । दफा ४ मा संशोधन: सरकारी लगानी व्यवस्थापन समिति (साबिकको निजीकरण समिति) को काम, कर्तव्य र अधिकारमा	सार्वजनिक प्रतिष्ठान (सरकारी लगानीको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने देखिएको ।

	संशोधन र थप गरिएको । दफा ५ मा संशोधनः उपदफा (६) मा रहेका कुनै स्वदेशी वा विदेशी भन्ने शब्दहरू झिकिएको । यसबाट भाषिक मिलान भएको । दफा ५क., ५ख., ५ग. र ५घ. थपः ५क. अर्थसचिवको संयोजकत्वमा कार्यान्वयन समितिको गठन गरिएको । ५ख. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको । ५ग. समिति र कार्यान्वयन समितिलाई सहयोग गर्न अर्थ मन्त्रालयको संस्थान हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा सरकारी लगानी व्यवस्थापन एकाइको व्यवस्था गरिएको । ५घ. व्यवस्थापन करार र भाडामा निजी क्षेत्रको सहभागिताः प्रतिष्ठानसँग सम्बन्धित मन्त्रालयले प्रतिष्ठानको केही सम्पत्ति भाडामा दिएर वा व्यवस्थापन शुल्क दिनेगरी सरकारी लगानी व्यवस्थापन गर्दा सोको विस्तृत अध्ययन गरी मूल्याङ्कन विधि र छनोट प्रक्रियाको विषयमा समेत समितिबाट सैद्धान्तिक सहमति लिनुपर्ने व्यवस्था गरिएको ।	
६. निजीकरण गर्नका लागि सूचना प्रकाशन गर्नु पर्ने : (१) नेपाल सरकारले निजीकरणका लागि वर्गीकृत कुनै प्रतिष्ठानलाई निजीकरण गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि नेपाल सरकारले यस ऐन बमोजिम निजीकरण गरिने प्रक्रियाको निर्धारण गर्नेछ ।	दफा ६ मा संशोधनः दफा ५घ, व्यवस्थापन करार र भाडामा निजी क्षेत्रको सहभागिता सम्बन्धी प्रक्रिया बाहेक कुनै प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापन गर्न आवश्यक देखिएमा सोको प्रक्रिया निर्धारण गरी अर्थ मन्त्रालयमार्फत स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेश गर्नुपर्ने । सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने ।	सरकारी प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन प्रभावकारी हुने ।
(क)प्रतिष्ठानको सेयरहरू जनसाधारण, कर्मचारी, कामदार तथा त्यस्तो प्रतिष्ठानको व्यवस्थापन सञ्चालन गर्न इच्छुक व्यक्ति वा कम्पनीलाई बिक्री गरेर, तर यसरी सेयर बिक्री, गर्दा प्रतिष्ठानको प्रकृति तथा वित्तीय अवस्था हेरी सम्भव भएसम्म जनसाधारण, कामदार तथा कर्मचारीहरूको बढी सहभागिता गराइनेछ ।	दफा ८ कोः खण्ड (क) संशोधनः "साबिकमा रहेको सेयरहरू बिक्री गरेर"-को सट्टा "सेयर विनिवेश गरेर प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापनको प्रक्रिया निर्धारण गरिरएको ।" - खण्ड (ङ१) थपः "प्रतिष्ठानको सम्पत्ति मौद्रिकीकरण गरेर प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापनको प्रक्रिया निर्धारण गरिएको ।"	

	ङ दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ मा रहेका "अन्तर्राष्ट्रिय प्रचलन अनुसार" भन्ने शब्दहरू झिकिएको । दफा १० मा संशोधनः दफा १० को उपदफा (१) को.. खण्ड (ख) मा रहेका "साबिककै प्रकृतिमा" भन्ने शब्दहरूको सट्टा "उच्च प्रतिफल प्राप्त हुने" भन्ने शब्दहरू राखिएको । खण्ड (ग) झिकिएको । खण्ड (च) मा रहेको "स्तरीय" भन्ने शब्द झिकिएको । दफा १० को उपदफा (१क) थपः उपदफा (१) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कनको आधारलाई एक सय पूर्णाङ्क मानी समितिले अङ्कभार तोक्न सक्नेछ । ङ दफा १८ मा संशोधनः "पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखी सो दफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको । तर त्यस्तो सजाय गर्नुअघि सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ । ङ दफा २०क, थपः यस ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही समितिको सिफारिसमा अर्थ मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्नसक्ने ।	

१३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः

११७. मिलापत्र हुन सक्नेः (१) अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसुल सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरूको मन्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ ।	दफा ११७ मा संशोधनः प्रतिवादी र पीडित दुवै पक्षले मिलापत्र गराई पाउनका लागि निवेदन दिएमा चेक अनादरको जरियाबाट उठेको बैङ्किङ्ग कसुर, आपराधिक विश्वासघात वा आपराधिक लाभ समेतका मुद्दामा जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा पनि मिलापत्र हुनक्ने प्रावधान राखिएको ।	उक्त संशोधनले कुनै पनि विवादमा अदालतको फैसलाबाट भन्दा मेलमिलापको माध्यमबाट विवादको समाधान भएमा पक्षहरूबीच सौहार्दपूर्ण सम्बन्ध र सामाजिक सद्भाव कायम रहने, विवादको स्थायी समाधान हुने र फैसला कार्यान्वयनमा समेत प्रभावकारिता हुने देखिएको छ ।

१४. भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधनः

(छ) सरकारले सूचित आदेशद्वारा तोकिदिएको सहकारी खेती गर्ने संस्थाको नाउँमा रहेको, सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो संस्थाको काममा रहेसम्म, र (ज) कूटनैतिक सुविधा प्राप्त विदेशी संस्था वा विदेशी राज्यले श्री ५ को सरकारको स्वीकृति लिई प्राप्त गरेको जग्गा त्यस्तो संस्था वा राज्यको काममा रहेसम्म	दफा १२छ. (१) मा संशोधनः घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गामा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्ता घडेरीमा घर निर्माण गरी विक्री, गर्नसक्ने व्यवस्था गरिएको ।	उक्त संशोधित प्रावधानले हदबन्दीभन्दा बढी भएका कारण घरजग्गा विक्री गर्न कठिनाइ झेलिरहेका घरजग्गा व्यवसाय गर्ने कम्पनीहरूलाई घरजग्गा विक्री गर्न पाउने मार्ग प्रशस्त गरेकोले सोबाट आर्थिक गतिशीलता अभिवृद्धि हुन जाने देखिएको छ ।

Birat expo 2025
Digital Koshi ▶ Bridging Innovation and Investment
Jan 25 - Feb 2 | Biratnagar
Platform for Progress & Prosperity

SOME GLIMPSE

Conference Q&A
Thematic Conferences
Sahaj

Organized By
Sponsored by
4i apps solutions

Thematic Conferences

POWERING INDUSTRIAL GROWTH WITH ENERGY EFFICIENCY

Energy Efficiency, Electrical Fire Safety, and Environment (EEESC) Cell

In a game-changing move to revolutionize industrial efficiency, the Chamber of Industries Morang (CIM) has partnered with Rastriya Urja Dakshata Kendra Pvt. Ltd. (RUDK). This collaboration has launched the Energy Efficiency, Electrical Fire Safety, and Environment (EEESC) Cell — a dedicated service hub designed to drive industries in Koshi Province towards smarter energy practices, improved fire safety, and environmentally responsible operations.

Offered Services:

- Energy Audits to optimize power usage and cut costs
- Electrical & Fire Safety Audits ensuring safety compliance for seamless operations
- Environmental Impact Studies promoting sustainable growth

राष्ट्रिय ऊर्जा दक्षता केन्द्र प्रा.लि.

RASTRIYA URJA DAKSHATA KENDRA

ACHIEVING OVER NPR 76 MILLION IN SAVINGS:

Through strategic energy efficiency measures, industries in Koshi Province unlocked significant cost reductions, with 75% of savings realized in medium-term investments and zero-capital actions delivering immediate results.



Empowering Industries through Energy Efficiency

Industry reach
- 45 industries reached (including agro, manufacturing, FMCGs and others
- 15 industries in Agro, 15 in Manufacturing, 10 in FMCG

Walkthrough
- **15 Walkthrough Audits** providing quick insights into energy-saving potential

Detailed Energy Audit
- **4 detailed energy audits** revealing massive savings opportunities
- 2 Dairies (Small and Medium scale)
- 1 Commercial Complex (Medium scale)
- 1 Metal & Steel Industy (Large Scale)

Electrical Fire & Safety audit
- **1 Electrical Fire & Safety Audit** supporting a medium-scale industry in achieving fire compliance crucial for export readiness

Knowledge Driven Workshop
- **4 Knowledge-Driven Workshops** conducted in Morang, Sunsari and Jhapa to spread awareness on energy efficiency practices

New Partnerships Formed for Energy Efficiency, Electrical Fire Safety, and Environment activities in industries with Rastriya Urja Dakshata Kendra Pvt. Ltd. and Chamber of Industries Morang

Proven Savings, Proven Success!

Large-scale industries like Premier Steel recorded savings up to 5 times the audit fee in their first year alone.

Small and medium-scale industries achieved returns of up to 3 times their audit fee.

Identified potential for NPR 20,62,874.65 in annual cost savings through zero-investment energy efficiency measures.

Whether a small enterprise or a large-scale manufacturer, RUDK and CIM are capable to empowering industries with practical solutions that deliver real results.